# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७२) काठमाडौं, भदौ १३ गते, २०७९ साल (संख्या ३२

## भाग ५

## निर्वाचन आयोगको

## सूचना

## निर्वाचन आचारसंहिता, २०७९

**प्रस्तावना** : निर्वाचनमा स्वच्छता, निष्पक्षता, पारदर्शिता तथा भयमुक्त वातावरण कायम राख्न आवश्यक भएकोले,

निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो आचारसंहिता बनाएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम, प्रारम्भ र विस्तार :** (१) यस आचारसंहिताको नाम "निर्वाचन आचारसंहिता, २०७९" रहेको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) यो आचारसंहिताका आयोगले तोके बमोजिमका व्यवस्था आयोगले तोकेको मितिदेखि आयोगले तोकेको क्षेत्रमा लागू हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आचारसंहितामा,-

(क) "अनुगमन" भन्नाले निर्वाचन सम्बन्धी प्रचलित कानून बमोजिम आयोगले गठन गरेको वा खटाएको अनुगमन समिति, अनुगमन टोली, घुम्ती टोली वा अनुगमनकर्ताद्वारा निर्वाचन आचारसंहिताको पालना भए नभएको सम्बन्धमा जाँचबुझ गरिने कार्य सम्झनु पर्छ ।

(ख) "अनुगमन अधिकृत" भन्नाले दफा ३२ बमोजिमको निर्वाचन आचारसंहिता अनुगमन अधिकृत सम्झनु पर्छ ।

(ग) "अनुगमनकर्ता" भन्नाले आचारसंहिता कार्यान्वयन भए नभएको अनुगमन गर्न आयोगले खटाएको अनुगमनकर्ता सम्झनु पर्छ र सो शब्दले त्यसरी अनुगमन गर्न आयोगले गठन गरेको अनुगमन टोली वा अनुगमन समितिलाई समेत जनाउँछ ।

(घ) "आयुक्त" भन्नाले आयोगको निर्वाचन आयुक्त सम्झनु पर्छ र सो शब्दले प्रमुख निर्वाचन आयुक्तलाई समेत जनाउँछ ।

(ङ) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) "उपनिर्वाचन" भन्नाले निर्वाचित कुनै पदाधिकारीको पद रिक्त भई सङ्घीय कानून बमोजिम बाँकी अवधिका लागि हुने निर्वाचन सम्झनु पर्छ ।

(छ) "उम्मेदवार" भन्नाले निर्वाचनको लागि उम्मेदवारको अन्तिम नामावलीमा नाम समावेश भएको व्यक्ति सम्झनु पर्छ र सो शब्दले प्रतिनिधि सभा वा प्रदेश सभाको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत राजनीतिक दलले पेश गरेको उम्मेदवारको बन्दसूचीमा नाम समावेश भएको व्यक्तिलाई समेत जनाउँछ ।

(ज) "केन्द्रीय आचारसंहिता अनुगमन समिति" भन्नाले दफा २६ बमोजिमको केन्द्रीय आचारसंहिता अनुगमन समिति सम्झनु पर्छ।

(झ) "गैरसरकारी संस्था" भन्नाले नाफाको उद्देश्य नराखी प्रचलित कानून बमोजिम दर्ता भएको संस्था सम्झनु पर्छ र सो शब्दले प्रचलित कानून बमोजिम नेपालको सम्बन्धित निकायमा आवद्ध भई सञ्चालन भएको अन्तर्राष्ट्रिय गैरसरकारी संस्थालाई समेत जनाउँछ ।

(ञ) "जिल्ला आचारसंहिता अनुगमन समिति" भन्नाले दफा ३० बमोजिमको जिल्ला आचारसंहिता अनुगमन समिति सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) "दलको भातृ सङ्गठन" भन्नाले प्रचलित कानून बमोजिम आयोगमा दर्ता भएका राजनीतिक दलसँग आबद्ध सङ्घ सङ्गठन सम्झनु पर्छ ।

(ठ) "दुष्प्रचार" भन्नाले आफूलाई लाभ र अरु कसैलाई हानि नोक्सानी पुऱ्याउने र आम मानिसलाई झुक्याउने बदनियतका साथ जानीजानी गलत वा भ्रामक सूचना सम्प्रेषण गर्ने कार्य सम्झनु पर्छ ।

तर निर्वाचन सम्बन्धी रिपोर्टिङमा भएका गल्तीलाई दुष्प्रचार मानिने छैन ।

(ड) "द्वेषपूर्ण अभिव्यक्ति" भन्नाले प्रत्यक्ष वा परोक्ष रुपमा जाति, राष्ट्रिय वा जातीय उत्पत्ति, धर्म, लैङ्गिकता, उमेर, अपाङ्गता वा अन्य अपरिवर्तनीय समूहलाई इङ्गित गर्दै असहिष्णुता वा घृणा फैलाउने वा हिंसालाई बढावा दिने किसिमका वचन, लिखत वा व्यवहार सम्झनु पर्छ ।

(ढ) "निर्वाचन" भन्नाले संविधान तथा प्रचलित सङ्घीय कानून बमोजिम हुने राष्ट्रपति, उपराष्ट्रपति, सङ्घीय संसदको सदस्य, प्रदेश सभाको सदस्य वा स्थानीय तहको सदस्यको निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ण) "निर्वाचन अधिकृत" भन्नाले निर्वाचन आयोग ऐन, २०७३ को दफा १९ को उपदफा (१)



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बमोजिम नियुक्त गरिएको निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले मुख्य निर्वाचन अधिकृत र सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ।

(त) "निर्वाचन कार्यालय" भन्नाले आयोगको प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(थ) "निर्वाचन क्षेत्र" भन्नाले प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यको निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको निर्वाचन प्रयोजनको लागि निर्धारण गरिएको निर्वाचन क्षेत्र सम्झनु पर्छ।

(द) "पर्यवेक्षक" भन्नाले आयोगबाट अनुमति प्राप्त कुनै स्वदेशी वा विदेशी संस्थाबाट निर्वाचनको अवधिमा निर्वाचन पर्यवेक्षण गर्न खटिएको व्यक्ति सम्झनु पर्छ ।

(ध) "पर्यवेक्षण संस्था" भन्नाले निर्वाचन पर्यवेक्षणको लागि आयोगबाट अनुमति प्राप्त पर्यवेक्षण संस्था सम्झनु पर्छ ।

(न) "मतदान केन्द्र" भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनको लागि प्रचलित सङ्घीय कानून बमोजिम आयोगले तोकेको मतदान केन्द्र सम्झनु पर्छ ।

(प) "मतदानस्थल" भन्नाले निर्वाचनमा मतदान गर्नका लागि आयोगले तोकेको स्थान सम्झनु



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पर्छ र सो शब्दले मतदान गर्ने स्थानले ओगटेको क्षेत्र वा मतदान परिसरलाई समेत जनाउँछ ।

(फ) "मतपत्र" भन्नाले निर्वाचनमा मतदान गर्नको लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान हुने व्यवस्था भएकोमा त्यस्तो विद्युतीय उपकरणमा प्रयोग हुने मतपत्र वा त्यस्तो उपकरणमा जडित डिजिटल मतपत्रलाई समेत जनाउँछ ।

(ब) "मतपेटिका" भन्नाले मतसङ्केत गरेको मतपत्र राख्नको लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ र सो शब्दले विद्युतीय उपकरणबाट मतदान गरेकोमा त्यसरी मतदान गरेको मत सङ्केतलाई अभिलेख गर्ने विद्युतीय उपकरणलाई समेत जनाउँछ ।

(भ) "मन्त्री" भन्नाले नेपाल सरकारको हकमा प्रधानमन्त्री, उपप्रधानमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री र प्रदेश सरकारको हकमा मुख्यमन्त्री, मन्त्री, राज्यमन्त्री वा सहायक मन्त्री सम्झनु पर्छ ।

(म) "मिथ्या सूचना" भन्नाले निर्वाचन सम्बन्धी कुनै कार्य गर्दा गराउँदा कसैलाई हानि नोक्सानी पुऱ्याउने नियत राखी वा नराखी वा उक्त सूचना झूठो हो भन्ने बुझी वा नबुझी सम्प्रेषित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरिएको भ्रामक सूचना वा जानकारी सम्झनु पर्छ ।

(य) "राजनीतिक दल" भन्नाले निर्वाचनको प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ ।

(र) "विकास साझेदार संस्था" भन्नाले नेपाल सरकारको स्वीकृतिमा विभिन्न क्षेत्रमा आर्थिक वा प्राविधिक सहयोग तथा विकास सहायता प्रदान गर्ने संस्था सम्झनु पर्छ।

(ल) "सञ्चार प्रतिष्ठान" भन्नाले सञ्चार सम्बन्धी कुनै व्यवसाय वा सेवा सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना वा दर्ता भएको सरकारी वा सामुदायिक वा निजी सञ्चार माध्यम वा सङ्गठित संस्था सम्झनु पर्छ ।

(व) "समानुपातिक निर्वाचन प्रणाली" भन्नाले प्रतिनिधि सभा सदस्य निर्वाचनको हकमा सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी र प्रदेश सभा सदस्य निर्वाचनको हकमा सम्पूर्ण प्रदेशलाई एक निर्वाचन क्षेत्र मानी दललाई मत दिने र प्रत्येक दलले प्राप्त गरेको कूल मतसङ्ख्याको अनुपातमा त्यस्तो दलको तर्फबाट प्रतिनिधित्व गर्ने उम्मेदवार निर्वाचित हुने निर्वाचन प्रणाली सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(श) "सम्बन्धित व्यक्ति" भन्नाले राजनीतिक दल वा उम्मेदवारको तर्फबाट निर्वाचन प्रचारप्रसारमा संलग्न व्यक्ति सम्झनु पर्छ र सो शब्दले राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रतिनिधिलाई समेत जनाउँछ।

(ष) "सरकारी निकाय" भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह वा सो अन्तर्गतका सरकारी निकाय सम्झनु पर्छ ।

(स) "सवारी साधन" भन्नाले मोटरसाइकल, स्कुटर, टयाम्पु, जीप, कार, बस, ट्रक, टयाक्टर जस्ता विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने सवारी साधन सम्झनु पर्छ र सो शब्दले साइकल, रिक्सा, टाँगा, गोरूगाडा, घोडा र त्यस्तै प्रकृतिका अन्य सवारी साधनलाई समेत जनाउँछ ।

(ह) "सामाजिक सञ्जाल" भन्नाले फेसबुक, मेसेञ्जर, भाइवर, ट्वीटर, यूट्यूब, इन्स्टाग्राम, ब्लग, गुगल प्लस, टिकटक, ह्वाट्स एप, इमो, वीच्याट, लिङ्क्ड्इन, टमलर जस्ता सामाजिक सञ्जाल सम्झनु पर्छ।

(क्ष) "सुरक्षा निकाय" भन्नाले नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग वा प्रदेश प्रहरी सम्झनु पर्छ ।

(त्र) "स्थानीय कार्यपालिका" भन्नाले गाउँ कार्यपालिका वा नगर कार्यपालिका सम्झनु पर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. **आचारसंहिता लागू हुने :** यो आचारसंहिता देहायका व्यक्ति, संस्था, निकाय तथा अधिकारीलाई लागू हुनेछ :-

(क) नेपाल सरकार र नेपाल सरकारका मन्त्री,

(ख) प्रदेश सरकार र प्रदेश सरकारका मन्त्री,

(ग) संवैधानिक निकाय र सो निकायका पदाधिकारी,

(घ) नेपाल सरकार वा प्रदेश सरकारका निकाय र सो निकायका पदाधिकारी,

(ङ) स्थानीय कार्यपालिका र सोका सदस्य,

(च) सङ्घ, प्रदेश र स्थानीय तहका कर्मचारी,

(छ) सुरक्षा निकाय, सुरक्षाकर्मी तथा कर्मचारी,

(ज) सरकारी, अर्धसरकारी तथा सार्वजनिक संस्थाको कार्यालय र कर्मचारी,

(झ) राजनीतिक दल तथा राजनीतिक दलको भातृ सङ्गठन,

(ञ) उम्मेदवार तथा सम्बन्धित व्यक्ति,

(ट) राजनीतिक दल तथा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधि,

(ठ) सार्वजनिक पद धारण गरेको व्यक्ति,

(ड) अनुगमन समितिका पदाधिकारी तथा अनुगमनकर्ता,

(ढ) पर्यवेक्षण संस्था तथा पर्यवेक्षक,

(ण) सञ्चार प्रतिष्ठान, सोका कर्मचारी तथा सञ्चारकर्मी,

(त) निजी तथा गैरसरकारी संस्था, सोका पदाधिकारी तथा कर्मचारी,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(थ) विद्यालय, महाविद्यालय वा विश्वविद्यालय, सोका शिक्षक तथा कर्मचारी,

(द) मतदाता,

(ध) विकास साझेदार संस्था,

(न) सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना तथा परियोजनाका कर्मचारी,

(प) मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने संस्था तथा सो संस्थाका कर्मचारी,

(फ) निजी क्षेत्रका बैङ्क तथा वित्तीय संस्था, सहकारी संस्था, व्यापारिक तथा औद्योगिक क्षेत्र, सोका पदाधिकारी, कर्मचारी तथा कामदार,

(ब) वस्तु वा सेवा प्रदायक व्यावसायिक संस्थाका पदाधिकारी, कर्मचारी तथा कामदार, र

(भ) आयोगले तोकेका अन्य निकाय वा व्यक्ति ।

## परिच्छेद-२

## सबैले पालना गर्नुपर्ने आचरण

४. **सबैले पालना गर्नुपर्ने आचरण** : दफा ३ बमोजिमका व्यक्ति, संस्था, निकाय तथा अधिकारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्थाले त्यस्तो निकाय वा संस्थाको वा अन्तर्गतको कुनै परियोजनाको स्रोत साधन र सम्पत्ति



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुनै दल वा उम्मेदवारको पक्ष वा विपक्षमा हुने गरी प्रयोग गर्न वा गराउन नहुने,

(ख) आयोगद्वारा सञ्चालित निर्वाचन व्यवस्थापन र मतदाता शिक्षा लगायत अन्य कार्यक्रममा कुनै किसिमले अवरोध हुने गरी कुनै कार्य गर्न वा निर्वाचनसँग सम्बन्धित सामग्री वा सूचनालाई बिगार्न वा कुनै किसिमले थपघट गर्न वा गराउन नहुने,

(ग) कुनै सरकारी वा अर्धसरकारी निकाय वा सार्वजनिक संस्था वा विश्वविद्यालय वा विद्यालय वा महाविद्यालयको क्षेत्र प्रयोग गरी निर्वाचन सम्बन्धी भेला वा प्रचारप्रसार गर्न वा गराउन नहुने,

(घ) राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह अङ्कित ज्याकेट, कमिज, भेष्ट, टि-सर्ट, टोपी वा क्याप, गम्छा, मास्क, लकेट वा अन्य कुनै किसिमको पहिरन वा स्टीकर, लोगो, झोला, ब्याज, टयाटु जस्ता साङ्केतिक सामग्री उत्पादन गर्न, प्रयोग गर्न, बिक्री वितरण गर्न वा प्रदर्शन गर्न वा गराउन नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) घर वा जग्गा धनीको स्वीकृति नलिई कसैको निजी वा संस्थागत स्वामित्वको घरजग्गामा राजनीतिक गतिविधि वा प्रचारप्रसार गर्न वा गराउन नहुने,

(च) ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदाय र अपाङ्गता भएका व्यक्तिको भावनामा आँच आउने वा चरित्र हत्या हुने गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने,

(छ) बालबालिकालाई निर्वाचन प्रचारप्रसारमा प्रयोग गर्न वा गराउन नहुने,

(ज) प्रचलित कानून बमोजिम निषेध गरिएको समय र स्थानमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने,

(झ) सार्वजनिक आवागमनमा अवरोध हुने गरी कुनै किसिमको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला गरी निर्वाचन प्रचारप्रसार गर्न वा गराउन नहुने,

(ञ) सामाजिक सञ्जालमा गलत, भ्रामक वा द्वेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने उद्देश्यले कसैले पनि सामाजिक सञ्जालमा एकाउण्ट सञ्चालन गर्न वा झुटा साइट खोल्न वा सञ्चालन गर्न वा गराउन नहुने,

(ठ) सामाजिक सञ्जालमा निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, भ्रामक सूचना सम्प्रेषण गर्ने, अपमान गर्ने, द्वेषपूर्ण भाषण (हेट स्पिच) गर्ने जस्ता भ्रामक टिका टिप्पणी गर्न वा गराउन नहुने,

(ड) कुनै प्रयोजनको लागि प्रकाशन वा प्रसारण भएको सूचना वा सामग्रीलाई निर्वाचनमा प्रभाव पार्ने उद्देश्यले तोडमोड गरी गराई सामाजिक सञ्जालमा शेयर, ट्याग, कमेन्ट वा प्रतिकमेन्ट गर्न वा गराउन नहुने,

(ढ) निर्वाचनको विश्वसनीयतामा वा आयोग, आयुक्त वा कर्मचारीको प्रतिष्ठामा प्रतिकूल असर पर्ने गरी कुनै अवाञ्छित लाञ्छना लगाउन नहुने,

(ण) कसैको चरित्र हत्या गर्न, व्यक्तिगत लाञ्छना लगाउन, मानहानी गर्न वा यस्तै प्रकृतिका सामग्री कुनै स्वरूपमा उत्पादन गर्न तथा त्यस्ता सामग्री कुनै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

माध्यमबाट प्रकाशन वा प्रसारण गर्न वा गराउन नहुने,

(त) उम्मेदवारको मनोनयन दर्ता भएको मितिदेखि मतदान सम्पन्न नभएसम्म उम्मेदवार वा राजनीतिक दलको मतपरिणामको सम्बन्धमा मत सर्वेक्षण गर्न वा त्यस्तो सर्वेक्षणको परिणाम घोषणा गर्न वा प्रकाशन गर्न नहुने,

(थ) निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा प्रकाशन गर्न वा अरूले प्रकाशन गरेका सामग्री शेयर गर्न नहुने,

(द) कुनै पनि किसिमबाट मतदाताको गोप्यता भङ्ग गर्ने कार्य गर्न नहुने,

(ध) मतदाता र मतदानमा खटिएका कुनैपनि कर्मचारीसँग वादविवाद गर्न वा उनिहरुलाई हतोत्साहित गर्ने कुनै पनि कार्य गर्न नहुने,

(न) कुनै प्रकारले निर्वाचनको स्वच्छता वा निष्पक्षतालाई प्रभावित गर्ने गरी कुनै कार्य गर्न नहुने।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-३

## पदाधिकारी, कर्मचारी तथा निकायले पालना गर्नुपर्ने आचरण

५. **नेपाल सरकार, प्रदेश सरकार, मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरण** : नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारका मन्त्री र स्थानीय कार्यपालिका तथा सोका पदाधिकारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

तर निर्वाचनमा आफैं उम्मेदवार भएका मन्त्री आफू उम्मेदवार भएको क्षेत्रमा प्रचारप्रसार गर्न यस खण्डले बाधा पुऱ्याएको मानिने छैन र यसरी प्रचारप्रसार गर्दा सरकारी स्रोत साधनको प्रयोग गर्न पाइने छैन ।

(ख) वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न वा नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,

तर सरूवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आयोगको स्वीकृति लिई त्यस्ता कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन।

(ग) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,

(घ) कुनै राजनीतिक नियुक्तिको पद सिर्जना गर्न वा त्यस्तो पदमा नियुक्ति गर्न नहुने

(ङ) नयाँ पद सिर्जना गर्ने, रिक्त पदपूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने,

तर आयोगलाई जानकारी गराई लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग, न्याय सेवा आयोग, शिक्षक सेवा आयोग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा नेपाली सेनाद्वारा नियमितरूपमा हुने पदपूर्तिसम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन ।

(च) निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा पदस्थापन गर्न नहुने,

तर प्रचलित कानून बमोजिम नियमित रूपमा खुला प्रतियोगिता वा बढुवा प्रक्रियाबाट सिफारिस भएका



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कर्मचारीलाई आयोगको अनुमति लिई पदस्थापना गर्न बाधा पर्ने छैन ।

(छ) मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म कुनै पनि प्रकारका अन्तरक्रिया, सम्मेलन, कार्यशाला, गोष्ठी वा निर्वाचन सँग सम्बन्धित छलफल वा सामूहिक मस्तिष्क मन्थन आदि गर्न नहुने,

(ज) आयोगको अनुमतिमा मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

तर विशेष परिस्थिति परी कुनै मन्त्री वा स्थानीय कार्यपालिकाको पदाधिकारीलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित मन्त्रालय वा निकायबाट अनुरोध भई आएको अवस्थामा आयोगले सहमति प्रदान गरेमा त्यस्तो भ्रमण गर्न बाधा पर्ने छैन ।

६. **संवैधानिक निकाय तथा सोका पदाधिकारीले पालना गर्नुपर्ने आचरण** : संवैधानिक निकाय तथा सोका पदाधिकारीले देहायका आचरण पालना गर्नु पर्नेछः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको बैठक, सभा, कार्यशाला गोष्ठी, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन नहुने,

(ग) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,

(घ) कुनै राजनीतिक दल वा उम्मेदवारलाई आफ्नो वा कार्यालयको भवन, अतिथिगृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने,

(ङ) सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,

(च) आयोगको अनुमति लिई मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर विशेष परिस्थिति परी कुनै पदाधिकारी वा कर्मचारीलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित निकायबाट अनुरोध भई आएको अवस्थामा आयोगले सहमति दिएमा त्यस्तो भ्रमण गर्न सकिनेछ।

(छ) सङ्घ, प्रदेश वा जिल्लास्तरका ट्रेड युनियन वा आधिकारिक ट्रेड युनियनका कार्यसमितिका पदाधिकारीलाई निर्वाचन सम्बन्धी कुनै जिम्मेवारी दिन नहुने ।

७. **नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका निकाय, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले पालना गर्नुपर्ने आचरण** : नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गतका संस्था, अर्धसरकारी तथा सार्वजनिक संस्था र सोमा कार्यरत कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछः-

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको बैठक, सभा, कार्यशाला गोष्ठी, सम्मेलन, अन्तरक्रिया जस्ता कार्यक्रममा भाग लिन नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य नयाँ कार्यक्रम गर्न, नयाँ नीति, योजना वा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,

तर सरूवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबुबाहिरको परिस्थिति सिर्जना भएमा आयोगको अनुमति लिई नयाँ कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(घ) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,

(ङ) कुनै राजनीतिक दल वा उम्मेदवारलाई आफ्नो वा कार्यालयको भवन, अतिथिगृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने,

(च) नयाँ पद सिर्जना गर्ने, रिक्त पदपूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने,

तर आयोगलाई जानकारी गराई लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग, न्याय सेवा आयोग, शिक्षक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सेवा आयोगद्वारा नियमितरूपमा हुने पदपूर्ति सम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन ।

(छ) निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा पदस्थापन गर्न नहुने,

तर प्रचलित कानून बमोजिम नियमित रूपमा खुला प्रतियोगिता वा बढुवा प्रक्रियाबाट सिफारिस भएका कर्मचारीलाई आयोगको अनुमति लिई पदस्थापना गर्न बाधा पर्ने छैन ।

(ज) आयोगले तयार पारेको निर्वाचन शिक्षामूलक कार्यक्रम गर्न वा सो सम्बन्धी सामग्री टाँस्न बाहेक राजनीतिक प्रकृतिको कार्यक्रम गर्न वा उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रचारप्रसारका सामग्री राख्न, टाँस्न वा प्रचारप्रसार गर्न नहुने,

(झ) सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,

(ञ) आयोगको अनुमति लिई मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

तर विशेष परिस्थिति परी कुनै पदाधिकारी वा कर्मचारीलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित मन्त्रालय वा निकायबाट अनुरोध भई आएको अवस्थामा आयोगले सहमति दिएमा त्यस्तो भ्रमण गर्न सकिनेछ।

(ट) सङ्घ, प्रदेश वा जिल्लास्तरका ट्रेड युनियन वा आधिकारिक ट्रेड युनियनका कार्यसमितिका पदाधिकारीलाई निर्वाचन सम्बन्धी कुनै जिम्मेवारी दिन नहुने ।

८. **सुरक्षा निकाय, सुरक्षाकर्मी तथा सुरक्षा सम्बद्ध कर्मचारीले पालना गर्नुपर्ने आचरण** : सुरक्षा निकाय, सुरक्षाकर्मी तथा सुरक्षा सम्बद्ध कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य नयाँ कार्यक्रम गर्न, नयाँ नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सरूवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा आयोग वा आयोगले तोकेको पदाधिकारीको अनुमति लिई नयाँ कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ग) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता काममा सहभागी हुन नहुने,

(घ) कुनै राजनीतिक दल वा उम्मेदवारलाई आफ्नो वा कार्यालयको भवन, अतिथिगृह, सभागृह, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने,

(ङ) नयाँ पद सिर्जना गर्ने, रिक्त पदपूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने,

तर आयोगलाई जानकारी गराई लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोग, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल तथा नेपाली सेनाद्वारा नियमित रूपमा हुने पदपूर्ति सम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा पदस्थापन गर्न नहुने,

तर प्रचलित कानून बमोजिम नियमित रूपमा खुला प्रतियोगिता वा बढुवा प्रक्रियाबाट सिफारिस भएका कर्मचारीलाई आयोगको अनुमति लिई पदस्थापना गर्न बाधा पर्ने छैन ।

(छ) आयोगले तयार पारेको निर्वाचन शिक्षामूलक कार्यक्रम गर्न वा सो सम्बन्धी सामग्री टाँस्न बाहेक राजनीतिक प्रकृतिको कार्यक्रम गर्न वा उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रचारप्रसारका सामग्री राख्न, टाँस्न वा प्रचारप्रसार गर्न नहुने,

(ज) सामाजिक सञ्जालमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,

(झ) आयोगको अनुमति लिई मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

तर विशेष परिस्थिति परी कुनै सुरक्षाकर्मी वा कर्मचारीलाई विदेश



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित मन्त्रालयबाट अनुरोध भई आएको अवस्थामा आयोगले सहमति दिएमा त्यस्तो भ्रमण गर्न सकिनेछ।

९. **<u>निर्वाचनको काममा संलग्न कर्मचारीले पालना गर्नुपर्ने आचरण</u>** : निर्वाचनको काममा संलग्न कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै कार्य गर्न वा गराउन, प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) कुनै राजनीतिक दल वा उम्मेदवारलाई कार्यालयको वा आफ्नो भवन, सवारी साधन वा अन्य सामग्री प्रयोग गर्न दिन नहुने,

(ग) निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने विषयमा सामाजिक सञ्जालमा लेख्न तथा प्रतिक्रिया दिन नहुने,

(घ) निर्वाचन प्रयोजनका लागि सम्प्रेषण गर्नुपर्ने सूचना एवं जानकारी बाहेक अन्य कुनै प्रकारका आफूलाई प्राप्त जानकारी कुनै राजनीतिक दल वा उम्मेदवार वा अनधिकृत व्यक्तिलाई दिन नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) निर्वाचन सम्बन्धी कार्य गर्दा गराउँदा कसैको पक्ष वा विपक्ष लिन नहुने।

**१०. <u>विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले पालना गर्नुपर्ने आचरण</u>** : विद्यालय, महाविद्यालय वा विश्वविद्यालय तथा सोमा सम्बद्ध कर्मचारी, प्राध्यापक तथा शिक्षकले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता काममा सहभागी हुन नहुने,

(ग) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसार गर्न नहुने,

(घ) वार्षिक बजेट तथा कार्यक्रममा समावेश भएका विषय बाहेक अन्य कार्यक्रम गर्न, नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर सरूवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा आयोगको अनुमति लिई नयाँ कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ङ) नयाँ पद सिर्जना गर्ने, रिक्त पदपूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने,

तर आयोगलाई जानकारी गराई विश्वविद्यालय सेवा आयोग वा शिक्षक सेवा आयोगद्वारा नियमित रूपमा हुने पदपूर्ति सम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन ।

(च) निर्वाचनको काममा बाहेक कर्मचारीको सरूवा वा बढुवा वा पदस्थापन गर्न गराउन नहुने,

तर प्रचलित कानून बमोजिम नियमित रूपमा खुला प्रतियोगिता वा बढुवा प्रक्रियाबाट सिफारिस भएका कर्मचारीलाई आयोगको अनुमति लिई पदस्थापना गर्न बाधा पर्ने छैन ।

(छ) आयोगले तयार पारेको निर्वाचन शिक्षामूलक कार्यक्रम गर्न वा सो सम्बन्धी सामग्री टाँस्न बाहेक राजनीतिक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रकृतिको कार्यक्रम गर्न वा उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रचारप्रसारका सामग्री राख्न, टाँस्न वा प्रचारप्रसार गर्न नहुने,

(ज) सामाजिक सञ्जालमा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने,

(झ) आयोगको अनुमति लिई मुलुकको प्रतिनिधित्व गरी विदेश भ्रमणमा जान बाहेक अन्य प्रयोजनको लागि वैदेशिक भ्रमण गर्न नहुने,

तर विशेष परिस्थिति परी कुनै कर्मचारी, प्राध्यापक वा शिक्षकलाई विदेश भ्रमणमा खटाउन आवश्यक परेको भनी औचित्य खुलाई सम्बन्धित मन्त्रालयबाट अनुरोध भई आएको अवस्थामा आयोगले सहमति दिएमा त्यस्तो भ्रमण गर्न सकिनेछ।

**११. <u>सरकारी वा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति तथा सोका कर्मचारीले पालना गर्नुपर्ने आचरण</u>** : सरकारी तथा अर्धसरकारी निकायबाट सञ्चालित परियोजना, विकास समिति तथा सोका कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएका बाहेकका अन्य कार्यक्रम गर्न, नीति, योजना तथा कार्यक्रमको घोषणा गर्न, स्वीकृत गर्न वा सञ्चालन गर्न नहुने,

तर सरूवा रोगको महामारी वा कुनै प्राकृतिक विपद् वा काबु बाहिरको परिस्थिति सिर्जना भएमा आयोगको अनुमति लिई नयाँ कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

(ग) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,

(घ) नयाँ पद सिर्जना गर्ने, रिक्त पदपूर्ति गर्ने, भत्ता वृद्धि गर्ने लगायतका कुनै पनि आर्थिक सुविधा वा पुरस्कार प्रदान गर्न नहुने,

तर आयोगलाई जानकारी गराई लोक सेवा आयोग, प्रदेश लोक सेवा आयोगजस्ता प्रचलित कानून बमोजिम पदपूर्ति गर्ने निकायद्वारा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नियमित रूपमा हुने पदपूर्ति सम्बन्धी कारबाही गर्न बाधा पर्ने छैन ।

(ङ) निर्वाचनको काममा बाहेक कर्मचारीलाई सरूवा वा बढुवा गर्न वा काजमा खटाउन नहुने,

तर प्रचलित कानून बमोजिम नियमित रूपमा खुला प्रतियोगिता वा बढुवा प्रक्रियाबाट सिफारिस भएका कर्मचारीलाई आयोगको अनुमति लिई पदस्थापना गर्न बाधा पर्ने छैन ।

(च) सामाजिक सञ्जालमा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने ।

१२. **<u>गैरसरकारी संस्था, विकास साझेदार संस्था, सम्बद्ध पदाधिकारी तथा कर्मचारीले पालना गर्नुपर्ने आचरण</u>** : गैरसरकारी संस्था वा विकास साझेदार संस्था तथा त्यस्तो संस्थासँग सम्बन्धित पदाधिकारी तथा कर्मचारीले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नहुने,

(ख) कुनै योजनाको शिलान्यास गर्ने, उद्घाटन गर्ने, सर्वेक्षण गर्ने, सम्भाव्यता अध्ययन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्ने वा सोको लागि अनुदान दिने जस्ता कार्यक्रम गर्न नहुने,

(ग) कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा आफ्ना सवारी साधन, भवन वा अन्य सामग्री प्रयोग गर्न दिन, कार्यक्रम वा सभा वा सम्मेलन गर्न वा प्रचारप्रसारको प्रायोजन गर्न नहुने,

(घ) निर्वाचन शिक्षा सम्बन्धी प्रचारप्रसार बाहेक कुनै राजनीतिक प्रकृतिको कार्यक्रम गर्न नहुने,

(ङ) निर्वाचन वा मतदाता शिक्षालाई प्रभावित गर्ने उद्देश्यले कुनै सहयोग, पुरस्कार, सामग्री प्राप्त गर्न नहुने,

(च) कुनै पनि स्रोत नखुलेको रकम प्राप्त गर्न नहुने,

(छ) कार्यालयमा निर्वाचन सम्बन्धी शिक्षामूलक सूचना सामग्री टाँस्न तथा प्रयोग गर्न बाहेक कुनै राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारका सामग्री टाँस्न वा राख्न नहुने,

(ज) आफू वा आफू सम्बद्ध संस्थाको तर्फबाट कुनै उम्मेदवार वा राजनीतिक दलको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) सामाजिक सञ्जालमा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना, प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा सामाजिक सञ्जाल मार्फत मत माग्न नहुने ।

## परिच्छेद-४

## राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरण

१३. **जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा पालना गर्नुपर्ने आचरण :** (१) राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा निर्वाचन प्रचारप्रसार सम्बन्धी कार्य गर्दा देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने र कसैको घरको आसपासमा गई निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न नहुने,

(ख) स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला गर्न नहुने,

(ग) जुलुस, आमसभा, कोणसभा वा भेला गर्नु अघि स्थानीय प्रशासन र प्रहरीलाई मिति,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

समय, मार्ग र स्थानको बारेमा कम्तीमा चौबीस घण्टा अगावै जानकारी गराउनु पर्ने,

(घ) जुलुस वा आमसभामा भाग लिने वा प्रचारप्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याज, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने,

तर उम्मेदवारले खण्ड (ठ) बमोजिमको कागजमा आफ्नो तथा राजनीतिक दलको पहिचानको विवरण खुलाईएको पर्चा वितरण गर्न बाधा पर्ने छैन ।

(ङ) कुनै राजनीतिक दल, उम्मेदवार वा दलको भातृ सङ्गठनले आयोजना गरेको जुलुस, आमसभा, कोणसभा, बैठक, भेला वा अन्य कार्यक्रम बिथोल्न वा कुनै प्रकारको बाधा अवरोध पुऱ्याउन नहुने,

(च) एकभन्दा बढी राजनीतिक दल, उम्मेदवार वा भातृ सङ्गठनले एकै समयमा एउटै स्थान वा मार्गमा जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्न नहुने र सो अवस्थामा स्थानीय प्रशासनले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

त्यस्तो कार्यक्रम गर्ने स्थल वा मार्ग परिवर्तन गर्न दिएको निर्देशन पालना गर्नुपर्ने,

(छ) प्रचलित कानून वा स्थानीय प्रशासनले निषेध गरेको सामग्री लिई जुलुस, आमसभा, कोणसभा, बैठक वा भेलामा प्रदर्शन गर्न वा त्यस्तो सामग्री प्रयोग गर्न नहुने,

(ज) कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सार्वजनिक सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिन्ह राख्न वा टाँस्न नहुने,

(झ) विभिन्न क्लव, सामाजिक संस्था, धार्मिक संस्था, आमा समूह, गैरसरकारी संस्था, आश्रम जस्ता संस्था वा कुनै व्यक्तिलाई नगद वा जिन्सी वितरण गर्न, अनुदान, आर्थिक सहायता, चन्दा, पुरस्कार वा निर्वाचन खर्च वा बुथ खर्च दिन वा दिने घोषणा गर्न नहुने,

(ञ) जुलुस, आमसभा, कोणसभा, भेला वा प्रचारप्रसारका कार्यक्रम गर्दा बिहान सात बजेदेखि साँझ सात बजेसम्म मात्र गर्नुपर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) निर्वाचन प्रचारप्रसार, आमसभा तथा जुलुसमा बालबालिकाको प्रयोग गर्न वा गराउन नहुने,

(ठ) निर्वाचन प्रयोजनको लागि पचहत्तर ग्रामसम्मको कागजमा तीनसय वर्ग इन्चसम्म क्षेत्रफल भएको आकारको एउटै रङ्ग र मुद्रकको नामसहितको पर्चा मात्र प्रयोग गर्नुपर्ने,

(ड) उम्मेदवार वा दलको कार्यालयमा साइनबोर्ड तथा कपडामा बनाईएको ३×४ फिटको दलको झण्डा र सोही नापको चुनाव चिन्ह राख्न बाहेक दलको प्रचारप्रसार गर्ने उद्देश्यले कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न, श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन गर्न नहुने,

(ढ) उम्मेदवार वा दलले आफ्नो कार्यालय बाहेकका स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको चुनाव चिन्ह, कुनै किसिमको डिजिटल बोर्ड, फ्लेक्स वा ग्लुसाइन बोर्ड राख्न तथा श्रव्य सामग्री बजाउन र श्रव्यदृश्य सामग्रीहरु प्रदर्शन गर्न नहुने,

तर राजनीतिक दल वा उम्मेदवारले आयोजना गरेको जुलुस,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आमसभा, कोणसभा वा घरदैलो कार्यक्रममा खण्ड (ड) बमोजिमको आकारका दश दश वटा सम्म झण्डा र चुनाव चिन्ह प्रयोग गर्न तथा राजनीतिक दल तथा उम्मेदवारको नाम र चिन्ह भएको एउटासम्म तुल वा फ्लेक्स राख्न बाधा पर्ने छैन ।

(ण) निर्वाचनमा उम्मेदवारको मनोनयनपत्र पेश गर्न जाँदा वा प्रचारप्रसारका लागि घरदैलो कार्यक्रम गर्दा उम्मेदवार, प्रस्तावक, समर्थक सहित पच्चीस जना भन्दा बढीको जुलुस लिएर जान नहुने र यसरी जाँदा बाजा, गाजा तथा झाँकी सहित जान नहुने,

(त) अनलाइन वेब पेज, टिभी स्क्रोलिङ्, सपिङ् मलमा डिस्प्ले, कल सेन्टर सञ्चालन, बैङ्कका एटिएम काउन्टरमा सन्देश वा सडक नाटक आदि माध्यमबाट दलको वा उम्मेदवारको बारेमा कुनै प्रचारप्रसार गर्न गराउन नहुने,

तर राजनीतिक दल वा उम्मेदवारको बढीमा एउटा निजी र आधिकारिक वेबपेजमा त्यस्तो प्रचारप्रसार सामग्री राख्न बाधा पर्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(थ) दलको झण्डाको वा दल वा उम्मेदवारको चुनाव चिन्हको तोरण बनाई सार्वजनिक प्रदर्शन गर्न वा गराउन नहुने,

(द) कुनै किसिमको भित्तेलेखन गर्न वा गराउन, चारपाङ्ग्रे गाडी, मोटरसाईकल, साइकल, बयलगाडा, रिक्सा, टाँगा, ठेलागाडा लगायत सबै प्रकारका सवारी साधन प्रयोग गरी र्‍याली आयोजना गर्न वा प्रचारप्रसार गराउन नहुने,

(ध) ज्येष्ठ नागरिक, महिला, यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता भएका व्यक्तिहरुको भावना, इज्जत, चरित्र तथा प्रतिष्ठामा आँच आउन सक्ने प्रकारले कुनै किसिमका प्रचारप्रसार गर्न गराउन नहुने,

(न) दल वा उम्मेदवारले जुलुस, आमसभा, कोणसभा, घरदैलो भेटघाट वा जुनसुकै प्रकारको र्‍याली गर्दा बढीमा दशवटा राष्ट्रिय झण्डा प्रयोग गर्न बाहेक निर्वाचन प्रचारप्रसार गर्दा राष्ट्रिय झण्डा प्रयोग गर्न गराउन नहुने,

(प) कुनै पनि धर्मको नाममा प्रचारप्रसार गर्न गराउन नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(फ) उम्मेदवार तथा निजको परिवारलाई कुनै तवरबाट डर, त्रास तथा धम्की दिन नहुने,

(ब) कुनै साम्प्रदायिक विद्वेष फैलाउने गरी प्रचारप्रसार गर्न वा मत माग्न नहुने,

(भ) निर्वाचन प्रचारप्रसारको लागि कोणसभा वा आमसभा गर्दा मञ्चको तयारीको लागि लागेको खर्चको विवरण सम्बन्धित उम्मेदवारले सात दिनभित्र निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने,

(म) उम्मेदवारको अन्तिम नामावली प्रकाशन भएपछि मतदान हुने दिन भन्दा सत्र दिन अघिदेखि मात्र निर्वाचन प्रचारप्रसार सम्बन्धी देहायको काम गर्न सक्नेः-

(१) जुलुस, आमसभा, कोणसभा गर्न,

(२) सञ्चार माध्यममा कुनै प्रकारको प्रचारप्रसार सामग्री प्रकाशन वा प्रसारण गर्न,

(३) निर्वाचन प्रचारप्रसारको लागि घरदैलो कार्यक्रम गर्न ।

(य) निर्वाचनमा विजयी भएको उम्मेदवारले कुनै प्रकारको भोज भतेर गर्न वा नगद वा जिन्सी वितरण गर्न नहुने ।

(२) उपदफा (१) को खण्ड (ज) विपरीत कुनै स्थानमा त्यस्तो सामग्री राखेको वा टाँसेको भएमा सम्बन्धित



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निर्वाचन क्षेत्रको सम्बन्धित उम्मेदवारले राखेको मानी आवश्यक कारबाही हुनेछ ।

**१४. सवारी साधन प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण :** (१) राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन तथा सम्बन्धित व्यक्तिले सवारी साधन प्रयोग गर्दा देहायका आचरण पालना गर्नु पर्नेछः-

(क) निर्वाचन अधिकृतको अनुमति लिई उम्मेदवार भएको सम्बन्धित निर्वाचन क्षेत्र वा उम्मेदवार भएको स्थानमा आयोगले तोके बमोजिम बढीमा दुईवटा दुईपाङ्ग्रे वा तीनपाङ्ग्रे वा चारपाङ्ग्रे विद्युतीय तथा यान्त्रिक शक्तिबाट चल्ने हलुका सवारी साधन र त्यस्ता सवारी साधन नचल्ने ठाउँमा बढीमा चारवटा घोडा प्रयोग गर्न सक्ने,

तर विदेशी नम्बर प्लेटको सवारी साधनलाई त्यस्तो अनुमति दिइने छैन।

(ख) कुनै पदको निर्वाचन प्रचारप्रसारको लागि राजनीतिक दलले खण्ड (क) बमोजिमको प्रक्रिया पूरा गरी सोही बमोजिमको सङख्या र प्रकारका सवारी साधन मात्र प्रयोग गर्नुपर्ने,

(ग) खण्ड (क) र (ख) बमोजिम अनुमति प्राप्त गरेको सवारी साधनको स्वरुप



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिवर्तन गरी प्रयोग गर्न वा गराउन नहुने,

(घ) एउटा दल वा उम्मेदवारको नाममा अनुमति लिएको सवारी साधन अन्य दल वा उम्मेदवारलाई प्रयोग गर्न दिन वा अन्य उम्मेदवारले प्रयोग गर्न नहुने,

(ङ) कुनै दल वा उम्मेदवारले अनुमति लिएको सवारी साधन प्रयोग गरी मतदाताहरु ओसारपसार गर्न नहुने,

तर हिँडडुल गर्न नसक्ने गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, किरियापुत्री, शारीरिक रूपले अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक जस्ता मतदाताको लागि आयोगले तोकेको निकाय वा अधिकारीले अनुमति दिएको सवारी साधन प्रयोग गर्न बाधा पर्ने छैन ।

(च) सम्बन्धित स्थान तोकी प्रयोग गर्ने गरी अनुमति लिएको सवारी साधन अन्य स्थानमा प्रयोग गर्न नहुने,

(छ) राजनीतिक दलले प्रचारप्रसारको लागि आफ्नो तर्फबाट दुई जना मुख्य प्रचारकको नाम आयोगमा बुझाउनु पर्ने र आयोगले अनुमति दिएका मुख्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रचारकले मात्र हेलिकप्टर सेवा प्रयोग गर्न सक्ने,

तर कुनै पनि मन्त्री वा स्थानीय कार्यपालिकाका पदाधिकारीलाई मुख्य प्रचारकको रुपमा अनुमति दिइने छैन ।

(ज) राजनीतिक दलले हेलिकप्टर सेवा प्रयोग गर्दा राजनीतिक दलको लागि आयोगले निर्धारण गरेको समानुपातिक निर्वाचन प्रणाली बमोजिम बन्दसूचीका उम्मेदवारको सङ्ख्याको आधारमा राजनीतिक दलले गर्न पाउने खर्चको सीमाभित्र रही गर्नुपर्ने,

तर राष्ट्रियसभा सदस्य निर्वाचन वा स्थानीय तहको निर्वाचन वा सबै तहको उपनिर्वाचनमा हेलिकप्टरको प्रयोग गर्नु परेमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिमको उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको सीमाभित्र रही सम्बन्धित उम्मेदवारको खर्च शीर्षकमा समावेश गरी गर्नु पर्नेछ ।

(झ) खण्ड (क) बमोजिम अनुमति पाएको सवारी साधन बाहेक अन्य सवारी साधन प्रयोग गरी निर्वाचन प्रचारप्रसार गर्न वा प्रचारप्रसार सामग्री प्रदर्शन गर्न नहुने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) को खण्ड (झ) विपरीत अनुमति नलिएको सवारी साधन प्रयोग गरी प्रचारप्रसार गरेमा वा त्यस्तो सवारी साधनमा निर्वाचन प्रचारप्रसार सामग्री प्रदर्शन गरेमा सम्बन्धित स्थानको ट्राफिक प्रहरी वा अन्य सुरक्षाकर्मीले त्यस्तो सवारी साधन नियन्त्रणमा लिई सोको जानकारी जिल्ला आचारसंहिता अनुगमन समितिलाई गराउनु पर्नेछ ।

**१५. सञ्चार माध्यमको प्रयोग गर्दा पालना गर्नुपर्ने आचरण :** (१) राजनीतिक दल, उम्मेदवार तथा दलका भातृ सङ्गठनले प्रचारप्रसारमा सञ्चार माध्यमको प्रयोग गर्दा देहायको आचरण पालना गर्नु पर्नेछ :-

(क) राजनीतिक दलले निजी क्षेत्रको टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

(ख) राजनीतिक दलले निजी क्षेत्रको पत्रपत्रिकाको माध्यमबाट प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा ७ x ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने,

(ग) स्थानीय तह सदस्यको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रचारप्रसार गर्दा चौबीस घण्टामा बढीमा दुई पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

(घ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रदेशसभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा कम्तीमा एक घण्टाको अन्तरालमा चौबीस घण्टामा बढीमा तीन पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

(ङ) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभा सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

(च) पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुने प्रतिनिधिसभा सदस्य, प्रदेशसभा सदस्य वा स्थानीय तह सदस्य पदको निर्वाचनमा भाग लिने उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा ७ x ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने,

(छ) राष्ट्रियसभा सदस्यको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

(ज) राष्ट्रियसभा सदस्यको निर्वाचनमा भाग लिने उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा प्रत्येक दिन बढीमा ७ x ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने,

(झ) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा भाग लिने उम्मेदवारले टेलिभिजन, रेडियो वा एफ.एम. रेडियोको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा चौबीस घण्टामा बढीमा चार पटक र एक पटकमा बढीमा एक मिनेटसम्म प्रसारण गराउन सक्ने,

(ञ) राष्ट्रपति वा उपराष्ट्रपतिको निर्वाचनमा भाग लिने उम्मेदवारले पत्रपत्रिकाको माध्यमबाट निर्वाचन प्रचारप्रसार गर्दा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

प्रत्येक दिन बढीमा ७ x ७ इन्च सम्मको आकारमा कुनै एउटा पत्रिकामा प्रचार सामग्री छपाउन सक्ने ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विदेशी सञ्चार माध्यमबाट निर्वाचन सम्बन्धी प्रचार सामग्री प्रकाशन वा प्रसारण गर्न वा गराउन हुँदैन ।

१६. **निर्वाचन खर्च सम्बन्धी आचरण**: राजनीतिक दल तथा उम्मेदवारले निर्वाचन खर्च सम्बन्धी देहायका आचरण पालना गर्नु पर्नेछः-

(क) उम्मेदवारले मनोनयनपत्र दर्ता गर्दा निर्वाचनमा आफूले खर्च गर्ने अनुमानित रकम र सोको स्रोत समेत खुलाउनु पर्ने,

(ख) उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै खाता खोली सोही खाताबाट गर्नुपर्ने,

(ग) उम्मेदवारले निर्वाचन सम्बन्धी खर्च गर्दा निजको तर्फबाट खर्च गर्ने जिम्मेवार पदाधिकारी तोक्नु पर्ने,

(घ) खण्ड (ग) बमोजिम तोकिएका पदाधिकारीको नाम नामेसी सहितको विवरण निर्वाचन अधिकृतको कार्यालय तथा निर्वाचन कार्यालयमा जानकारी गराउनु पर्ने,

(ङ) राजनीतिक दलले निर्वाचन सम्बन्धी खर्च गर्दा बैङ्क वा वित्तीय संस्थामा छुट्टै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

खाता खोली दलले तोकेको जिम्मेवार पदाधिकारीद्वारा सो खाताबाट खर्च गर्नुपर्ने,

(च) पच्चीस हजार रूपैयाँभन्दा बढी आर्थिक सहयोग प्राप्त गर्दा बैङ्क वा वित्तीय संस्था मार्फत गर्नुपर्ने,

(छ) व्यक्ति वा संस्थाबाट स्वेच्छिक सहयोगको रूपमा नगद लिएमा सो रकम बुझेको रसिद वा भरपाई दिई खण्ड (ख) वा (ङ) बमोजिमको बैङ्क खातामा जम्मा गर्नुपर्ने,

(ज) खण्ड (ख) वा (ङ) बमोजिमको खर्चको विवरण तथा बिल भरपाई राख्नु पर्ने,

(झ) आम्दानी तथा खर्चको विवरण प्रचलित कानून बमोजिम आयोगले तोकेको ढाँचामा निर्वाचन कार्यालय वा आयोगमा बुझाउनु पर्ने,

(ञ) आयोगले खर्चको बिल भरपाई तथा बैङ्क वा वित्तीय संस्थामा रहेको खाताको विवरण पेश गर्न आदेश दिएमा सक्कल बिल भरपाई तथा बैङ्क वा वित्तीय संस्थाको खाताको विवरण पेश गर्नुपर्ने,

(ट) निर्वाचन खर्चको विवरण निर्वाचन सम्पन्न भएपछि सार्वजनिक गरी प्रचलित निर्वाचन



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्बन्धी कानूनले तोकेको अवधिभित्र आयोग वा निर्वाचन कार्यालयमा पेश गर्नुपर्ने ।

१७. **मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरणः** मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दलका पदाधिकारी, उम्मेदवार, दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) निर्वाचन प्रचारप्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदि गर्न नपाइने,

(ख) मतदान हुने दिनको अठचालिस घण्टा अघि मतदान स्थलको तीन सय मिटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचारप्रसारका सामग्री हटाउनु पर्ने,

(ग) कुनै पनि विधि, प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचारप्रसार गर्न नहुने,

(घ) सामाजिक सञ्जाल, अनलाईन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सन्देश, सूचना वा प्रचारप्रसारका सामग्री पोष्ट वा शेयर गर्न वा गराउन नहुने ।

१८. **<u>मतदानको दिन पालना गर्नुपर्ने आचरण</u>:** मतदानको दिन राजनीतिक दल, उम्मेदवार, दलको भातृ सङ्गठन वा सम्बन्धित व्यक्तिले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) मतदान केन्द्रमा राजनीतिक दल वा उम्मेदवारको प्रतिनिधिले निर्वाचन चिन्ह वा मत सङ्केत भएको पहिरन वा व्याज लगाउन नहुने,

(ख) मतदान केन्द्रमा कुनै राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोशाक र चीजवस्तु लगाउन, बोक्न वा देखाउन नहुने,

(ग) कुनै किसिमको सवारी साधन प्रयोग गरी आवतजावत गर्न वा कसैलाई लैजाने वा ल्याउने गर्न नहुने,

तर हिँडडुल गर्न नसक्ने गर्भवती महिला, सुत्केरी, साथमा आफ्नै बच्चा बोकेकी महिला, किरियापुत्री, शारीरिक रूपले अशक्त वा अपाङ्गता भएका व्यक्ति, हिँडडुल गर्न नसक्ने ज्येष्ठ नागरिक जस्ता मतदाताको लागि आयोगले तोकेको निकाय वा अधिकारीले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुमति दिएको सवारी साधन प्रयोग गर्न बाधा पर्ने छैन ।

(घ) मतदाता तथा आयोगले अनुमति दिएका व्यक्ति वा अधिकारी बाहेक अन्य कुनै पनि व्यक्ति मतदान केन्द्रमा प्रवेश गर्न नहुने ।

**१९. <u>सम्पत्ति विवरण पेश गर्नु पर्नेः</u>** (१) निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र साथ आयोगले तोकेको ढाँचामा सम्पत्ति विवरण तयार गरी शिलबन्दी रुपमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति विवरणको व्यवस्थापन देहाय बमोजिम गरिनेछः-

(क) मतदानको अन्तिम परिणाम प्रकाशन नभएसम्म सुरक्षित र गोप्य रुपमा राखिने,

(ख) सम्पत्ति विवरण पेश गर्ने उम्मेदवार निर्वाचित भएमा आयोगले तोके बमोजिम त्यस्तो सम्पत्ति विवरण सार्वजनिक गरिने,

(ग) उम्मेदवार निर्वाचित नभएमा आयोगले तोके बमोजिम निजले फिर्ता माग गरेमा फिर्ता दिइने,

(घ) खण्ड (ग) बमोजिम त्यस्तो सम्पत्ति विवरण फिर्ता माग नगरेमा सोको अभिलेख राखी धुल्याइने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. **वैयक्तिक विवरण पेश गर्नु पर्ने:** (१) निर्वाचनमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली तर्फ उम्मेदवार हुने व्यक्तिले मनोनयनपत्र साथ आफ्नो नाम, थर, ठेगाना, शैक्षिक योग्यता, अनुभव तथा आफूले उल्लेख गर्न चाहेको थप विवरण उल्लेख गरी आयोगले तोके बमोजिमको ढाँचामा वैयक्तिक विवरण फाराम समेत पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको वैयक्तिक विवरण उम्मेदवारको अन्तिम नामावली प्रकाशन भए पछि निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा प्रकाशन गरी आयोगमा पठाउनु पर्नेछ र आयोगले निर्वाचन क्षेत्र अनुसार एकीकृत विवरण तयार गरी आयोगको वेबसाइटमा प्रकाशन गर्नेछ ।

## परिच्छेद-५

## मतदाता र मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिले पालना गर्नुपर्ने आचरण

२१. **मतदाताले पालना गर्नुपर्ने आचरण:** मतदाताले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) मतदान केन्द्रमा मतदान गर्न जाँदा प्रज्वलनशील ठोस वा तरल पदार्थ, मोबाइल, क्यामरा साथमा लिएर जान नहुने,

(ख) मतदान केन्द्रमा मतदान गर्न जाँदा कुनै नशालु पदार्थ वा मादक पदार्थ सेवन गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) मतदातालाई मतदान गर्न जान वा मतदान गर्नबाट वञ्चित गराउने अभिप्रायले झुट्टा अफवाह, भ्रामक समाचार फैलाउन वा कुनै अवरोध गर्ने काम गर्न वा गराउन नहुने,

(घ) मतदान गर्न जाँदा राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित कपडा, टिसर्ट, ज्याकेट, गम्छा, टोपी वा क्याप, भेष्ट, लोगो, ब्याज, मास्क, स्टिकर लगाउन वा झोला बोक्न नहुने,

(ङ) मतदान गर्न जाँदा मतदाताको शरीरको कुनै भागमा बनाइएको उम्मेदवारको फोटो, दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अङ्कित ट्याटु प्रदर्शन गर्न नहुने,

(च) कसैको पक्ष वा विपक्षमा एस.एम.एस., फेसबुक, मेसेञ्जर, ट्वीटर, भाइवर, यूट्युब, इन्स्टाग्राम जस्ता विद्युतीय माध्यम प्रयोग गरी तथ्यहीन सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने ।

२२. **<u>मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिले पालना गर्नुपर्ने आचरण:</u>** राजनीतिक दल वा उम्मेदवारको मतदान प्रतिनिधि तथा मतगणना प्रतिनिधिले देहायका आचरण पालना गर्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) राजनीतिक दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा सङ्केत भएको पहिरन वा ब्याज, लकेट, मास्क लगाउन नहुने,

(ख) राजनीतिक दल वा उम्मेदवारको पहिचान देखिने एकै किसिमको साङ्केतिक पोशाक, लोगो, ब्याज जस्ता सामग्री लगाउन, बोक्न र देखाउन नहुने,

(ग) मतपत्र लगायतका निर्वाचन सामग्री छुन वा चलाउन वा बिगार्न वा फोटो खिच्न नहुने,

(घ) मतदानस्थल वा मतगणनास्थलमा राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा नाराबाजी वा हुलहुज्जत गर्न नहुने,

(ङ) क्यामरा, मोबाइल लगायतका निर्वाचन अधिकृतले अनुमति नदिएका सामग्री मतदानस्थल तथा मतगणनास्थलमा लैजान नहुने।

## परिच्छेद-६

## पर्यवेक्षण संस्था तथा पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण

२३. **पर्यवेक्षण गर्ने संस्थाले पालना गर्नुपर्ने आचरणः** पर्यवेक्षण गर्ने संस्थाले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) आयोगबाट अनुमति नलिई पर्यवेक्षण गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) सरकारी वा सरकारी स्वामित्व भएका वा अर्धसरकारी सङ्घ, संस्था, विश्वविद्यालय वा सामुदायिक विद्यालयका बहालवाला कर्मचारी वा शिक्षकलाई पर्यवेक्षण गर्न खटाउन नहुने,

(ग) पर्यवेक्षकलाई निजको स्थायी बसोबास भएको वा मतदाता नामावलीमा नाम समावेश भएको गाउँपालिका वा नगरपालिकाको वडामा पर्यवेक्षणका लागि खटाउन नहुने,

(घ) पर्यवेक्षण कार्य समाप्त भएको तीस दिनभित्र आफ्नो संस्थाको आय र व्यय सार्वजनिक गर्नुपर्ने र सोको लिखित जानकारी आयोगलाई गराउनु पर्ने,

(ङ) पर्यवेक्षणका लागि अनुमति प्राप्त सङ्घ संस्थाले मतदान समाप्त भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिनभित्र अन्तिम पर्यवेक्षण प्रतिवेदन आयोगमा बुझाउनु पर्ने ।

२४. **पर्यवेक्षकले पालना गर्नुपर्ने आचरण:** पर्यवेक्षकले देहायका आचरण पालना गर्नु पर्नेछ :-

(क) पर्यवेक्षक परिचयपत्र सबैले देख्ने गरी लगाउनु पर्ने,

(ख) विभिन्न जातजाति, सम्प्रदाय, लिङ्ग, धर्म, भाषा, क्षेत्र र संस्कृतिको सम्मान गरी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्वतन्त्र, निष्पक्ष, तटस्थ, विश्वसनीय ढङ्गले पर्यवेक्षण गर्नुपर्ने,

(ग) मतदान अधिकृतको अनुमति लिएर निश्चित दूरीबाट मात्र मतदान कार्यको पर्यवेक्षण गर्ने,

(घ) राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा सार्वजनिक रूपमा वा आमसञ्चार माध्यममा कुनै किसिमको टिकाटिप्पणी गर्न नहुने,

(ङ) आयोगले अनुमति दिएको क्षेत्रमा मात्र पर्यवेक्षण गर्नुपर्ने,

(च) राजनीतिक दल, उम्मेदवार, कर्मचारी वा अन्य व्यक्तिसँग नगद वा जिन्सी वा उपहार वा अन्य कुनै सामान लेनदेन गर्न नहुने,

(छ) राजनीतिक दल वा उम्मेदवारको समर्थन वा विरोध हुने गरी पर्यवेक्षकले निर्वाचन चिन्ह अङ्कित ब्याज लगाउन वा अन्य कुनै माध्यमद्वारा प्रचारप्रसार वा प्रदर्शन गर्न नहुने,

(ज) निर्वाचनलाई प्रभावित पार्ने कुनै सूचना प्रवाह गर्न वा वक्तव्य दिन वा अवाञ्छित क्रियाकलाप गर्न नहुने,

(झ) सुरक्षा संवेदनशील स्थानमा पर्यवेक्षण गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ञ) मतदाताले गोप्य मत सङ्केत गरेको कक्षमा तस्बिर खिच्न नहुने,

तर मतदान अधिकृतको अनुमति लिई मतदानस्थलको घेरा बाहिरबाट तस्बिर खिच्न बाधा पर्ने छैन ।

(ट) निर्वाचन अधिकृत वा आयोगले निर्वाचनको अन्तिम परिणाम घोषणा गर्नु अघि उम्मेदवार विजयी भएको सूचना सम्प्रेषण गर्न वा गराउन नहुने,

(ठ) निर्वाचन सम्बन्धी कानून तथा निर्वाचन सामग्रीका सम्बन्धमा निर्वाचनलाई असर पर्ने गरी नकारात्मक टिकाटिप्पणी गर्न नहुने,

(ड) मतदान केन्द्रमा खटिएका मतदान अधिकृत तथा अन्य कर्मचारीलाई निजहरूको कार्यसम्पादनमा बाधा पुऱ्याउन नहुने,

(ढ) निर्वाचन सम्पन्न भएको पन्ध्र दिनभित्र प्रारम्भिक प्रतिवेदन र तीस दिनभित्र अन्तिम प्रतिवेदन आयोगमा बुझाउनु पर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद-७

## सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण

२५. **सञ्चार प्रतिष्ठान, सम्बद्ध कर्मचारी तथा पत्रकारले पालना गर्नुपर्ने आचरण :** सञ्चार प्रतिष्ठान, सोमा सम्बद्ध कर्मचारी तथा पत्रकारले देहायका आचरण पालन गर्नु पर्नेछ :-

(क) कुनै राजनीतिक दल, उम्मेदवार वा सम्बन्धित व्यक्तिबाट दान, उपहार वा आर्थिक सहयोग लिन नहुने,

(ख) कसैको पक्ष वा विपक्षमा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,

(ग) जातजाति, भाषा, धर्म, सम्प्रदाय, लिङ्ग र क्षेत्र बीचको सम्बन्ध र सद्भावमा खलल पार्ने, राजनीतिक आस्था वा विचार, राष्ट्रियता तथा सामाजिक अवस्था जस्ता कुनै पनि आधारमा भेदभाव हुने गरी समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,

(घ) राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारको लागि निःशुल्क विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न नहुने,

(ङ) दफा १५ बमोजिम राजनीतिक दल वा उम्मेदवारको निर्वाचन सम्बन्धी विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्दा सो विज्ञापनमा सःशुल्क भएको जनाउ दिनु पर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म त्यस्तो विज्ञापन प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न पाइने छैन ।

(च) कसैको पक्ष वा विपक्षमा एस.एम.एस., फेसबुक, मेसेञ्जर, ट्वीटर, भाइवर, यूट्युब, इन्स्टाग्राम, अनलाइन छापा जस्ता विद्युतीय माध्यम प्रयोग गरी कुनै सामग्री प्रकाशन, प्रसारण वा सम्प्रेषण गर्न तथा त्यस्ता सामग्री सामाजिक सञ्जालमा शेयर, ट्याग, कमेन्ट वा प्रतिकमेन्ट गर्न नहुने,

(छ) सूचनाको स्रोतको गोपनीयता भङ्ग गर्न नहुने,

(ज) राजनीतिक दल वा उम्मेदवार वा उम्मेदवारको एकाघरका परिवारका सदस्यको मान, प्रतिष्ठा, इज्जतमा आँच पुऱ्याउने तथा गलत र भ्रामक समाचार प्रकाशन तथा प्रसारण गर्न नहुने,

(झ) मतदान हुने दिनको अघिल्लो अठचालिस घण्टादेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा विज्ञापनका अतिरिक्त टक सो, टिप्पणी, विश्लेषण, प्रश्नोत्तर जस्ता कार्यक्रम गर्न नहुने,

(ञ) निर्वाचनको बारेमा नकारात्मक सन्देश प्रवाह गर्ने लेख, तस्बिर वा समाचार प्रकाशन वा प्रसारण गर्न नहुने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) नेपालको निर्वाचन, राजनीतिक दल र उम्मेदवारलाई नकारात्मक असर पुग्ने गरी विदेशी सञ्चार माध्यमबाट प्रकाशित वा प्रसारित सामग्री पुनः प्रकाशन वा प्रसारण गर्न नहुने,

(ठ) कसैले निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउने, दुष्प्रचार गर्ने, अपमान गर्ने, मिथ्या सूचना, द्वेषपूर्ण भाषण (हेट स्पिच) गर्ने जस्ता भ्रामक टिका टिप्पणी इन्टरनेट वा टेलिभिजनमा सम्प्रेषण गर्न नहुने र त्यस्तो टिकाटिप्पणी सम्प्रेषण भएमा इन्टरनेट सेवा प्रदायक वा केबल टेलिभिजन वितरकले त्यस्ता सूचना वा अभिव्यक्तिलाई हटाउनु पर्ने ।

## परिच्छेद-८

## निर्वाचन आचारसंहिता अनुगमन

२६. **केन्द्रीय आचारसंहिता अनुगमन समिति रहने :** (१) निर्वाचन आचारसंहिता कार्यान्वयनको अनुगमन गर्न आयोगमा देहायको केन्द्रीय आचारसंहिता अनुगमन समिति रहनेछ :-

(क) आयोगले तोकेको आयुक्त -संयोजक

(ख) सचिव, आयोग -सदस्य

(ग) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (निर्वाचन हेर्ने) -सदस्य

(घ) सचिव, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय -सदस्य

(ङ) सचिव, गृह मन्त्रालय -सदस्य



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) सचिव, सञ्चार तथा सूचना प्रविधि मन्त्रालय -सदस्य

(छ) अतिरिक्त प्रहरी महानिरीक्षक (निर्वाचन हेर्ने), नेपाल प्रहरी -सदस्य

(ज) सहसचिव, कानून तथा राजनीतिक दल व्यवस्थापन महाशाखा -सदस्य-सचिव

(२) केन्द्रीय आचारसंहिता अनुगमन समितिले आवश्यकता अनुसार विषयगत उपसमिति गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

(३) केन्द्रीय आचारसंहिता अनुगमन समितिले आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञ, कर्मचारी, नागरिक समाजका अध्यक्ष वा प्रतिनिधि, नेपाल दूरसञ्चार प्राधिकरणका अध्यक्ष, नेपाल पत्रकार महासङ्घका सभापति वा निजी क्षेत्रका व्यावसायिक संस्थाका अध्यक्षलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) केन्द्रीय आचारसंहिता अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२७. **<u>केन्द्रीय आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार</u>** : केन्द्रीय आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुगमनकर्ता तथा अनुगमन टोलीबाट प्राप्त अनुगमन सम्बन्धी सूचना तथा प्रतिवेदन विश्लेषण गरी तत्सम्बन्धमा आवश्यक निर्देशन दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने, जसको विरुद्ध उजुरी परेको हो सो व्यक्तिसँग स्पष्टीकरण माग गर्ने, आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्न आदेश दिने तथा आचारसंहिता उल्लङ्घनकर्तालाई आवश्यक कारबाहीको लागि आयोग समक्ष सिफारिस गर्ने,

(ग) आचारसंहिता उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्न आयोग समक्ष सिफारिस गर्ने,

(घ) आचारसंहिता पालना सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया गर्ने,

(ङ) अनुगमनमा खटिने अनुगमनकर्ताको लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने,

(च) आचारसंहिता उल्लङ्घन गर्ने राजनीतिक दल, उम्मेदवार, व्यक्ति, संस्था, पदाधिकारी वा निकायलाई आवश्यक कारबाहीका लागि आयोग समक्ष सिफारिस गर्ने,

(छ) राजनीतिक दल वा उम्मेदवारले आयोगले तोकेको हदभन्दा बढी खर्च गरेको पाइएमा त्यस्तो दल वा उम्मेदवारलाई आवश्यक कारबाहीको लागि आयोग समक्ष सिफारिस गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) निर्वाचनको काममा खटाइएका कर्मचारी वा सुरक्षाकर्मीले निर्वाचन सम्बन्धी कामको सिलसिलामा आचारसंहिताको उल्लङ्घन हुने गरी बदनियतपूर्वक कुनै काम गरेको पाइएमा आवश्यक कारबाहीको लागि आयोग समक्ष सिफारिस गर्ने,

(झ) आचारसंहिता कार्यान्वयन तथा अनुगमनको लागि आवश्यक जनशक्ति र उपकरण परिचालन गर्न आयोग समक्ष सिफारिस गर्ने,

(ञ) राजनीतिक दल वा उम्मेदवारले आयोगले तोकेको हदभन्दा बढी खर्च गरेको पाइएमा त्यस्ता दल वा उम्मेदवारलाई आवश्यक कारबाहीको लागि आयोग समक्ष सिफारिस गर्ने,

(ट) आचारसंहिता अनुगमन सम्बन्धी अन्य समिति वा टोलीलाई आवश्यक निर्देशन दिने,

(ठ) आयोगले तोकेका अन्य कार्य गर्ने ।

२८. **<u>निर्वाचन अधिकृतले आचारसंहिता कार्यान्वयन गराउने:</u>** (१) निर्वाचन अधिकृतले आफ्नो निर्वाचन क्षेत्र वा आफू खटिएको स्थानमा आचारसंहिता कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम आचारसंहिता पालनाको विषयमा निर्वाचन अधिकृतले अनुगमन गर्नु वा गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन गर्दा कसैले आचारसंहिता उल्लङ्घन गरेको पाइएमा निर्वाचन अधिकृतले आचारसंहिता उल्लङ्घन सम्बन्धी त्यस्तो कार्य रोक्न आदेश दिई आवश्यक कारबाहीको लागि आयोग र जिल्ला आचारसंहिता अनुगमन समितिलाई पठाउनु पर्नेछ।

२९. **आचारसंहिता अनुगमन टोली** : (१) आयोगले आचारसंहिता अनुगमन गर्न आवश्यकता अनुसार नेपाल सरकारका राजपत्राङ्कित प्रथम श्रेणी वा सो भन्दा माथिका कर्मचारीको संयोजकत्वमा एक वा एक भन्दा बढी सदस्य रहेको अनुगमनकर्ता वा अनुगमन टोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) आचारसंहिता अनुगमनकर्ता वा अनुगमन टोली आयोग तथा केन्द्रीय आचारसंहिता अनुगमन समितिप्रति उत्तरदायी रहनेछ ।

(३) निर्वाचन आचारसंहिता अनुगमनकर्ता वा आचारसंहिता अनुगमन टोलीको कार्यादेश आयोगले तोके बमोजिम हुनेछ ।

३०. **जिल्ला आचारसंहिता अनुगमन समिति** : (१) प्रत्येक जिल्लामा देहायको जिल्ला आचारसंहिता अनुगमन समिति रहनेछ :-

(क) मुख्य निर्वाचन अधिकृत -संयोजक

(ख) प्रमुख जिल्ला अधिकारी -सह-संयोजक

(ग) जिल्ला प्रहरी कार्यालयको प्रमुख -सदस्य

(घ) राष्ट्रिय अनुसन्धान विभागको जिल्ला



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्थित प्रमुख -सदस्य

(ङ) अनुगमन अधिकृत -सदस्य-सचिव

(२) जिल्ला आचारसंहिता अनुगमन समितिको बैठकमा निर्वाचन अधिकृतलाई आमन्त्रण गर्न सकिनेछ ।

(३) जिल्ला आचारसंहिता अनुगमन समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित निर्वाचनमा भाग लिएका जिल्लास्थित राजनीतिक दलका प्रमुख, पदाधिकारी वा प्रतिनिधि, जिल्लास्थित कार्यालयका प्रमुख, जिल्लास्थित पत्रकार महासङ्घका अध्यक्ष वा प्रतिनिधि, निजी क्षेत्रका व्यावसायिक संस्थाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, गैर सरकारी संस्था महासङ्घको जिल्ला समितिका प्रमुख वा प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

(४) मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना नभएसम्म प्रमुख जिल्ला अधिकारीले जिल्ला आचारसंहिता अनुगमन समितिको संयोजकको रुपमा काम गर्नेछ ।

(५) जिल्ला आचारसंहिता अनुगमन समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

३१. **<u>जिल्ला आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार</u>** : जिल्ला आचारसंहिता अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) अनुगमनकर्ता वा अनुगमन टोली वा अन्य माध्यमबाट आचारसंहिता कार्यान्वयन सम्बन्धी सूचना वा प्रतिवेदन नियमित रूपमा लिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) खण्ड (क) बमोजिम प्राप्त सूचना वा प्रतिवेदनबाट कसैले आचारसंहिता उल्लङ्घन गरेको पाइएमा आचारसंहिता पालनाको लागि सम्बन्धित राजनीतिक दल, निकाय, संस्था, अधिकारी वा व्यक्तिलाई आवश्यक निर्देशन दिने,

(ग) आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी लिने, जसको विरुद्ध उजुरी परेको हो सो व्यक्तिसँग स्पष्टीकरण माग गर्ने, आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्ने आदेश दिने तथा आचारसंहिता उल्लङ्घनकर्तालाई आवश्यक कारबाहीको लागि केन्द्रीय आचारसंहिता अनुगमन समिति समक्ष सिफारिस गर्ने,

(घ) आचारसंहिता उल्लङ्घनको उजुरीको विषयमा आवश्यक छानबिन गरी समाधान गर्न सक्ने विषयमा आफैंले समाधान गर्ने र समाधान गर्न नसक्ने विषयमा केन्द्रीय आचारसंहिता अनुगमन समिति समक्ष सिफारिस गर्ने,

(ङ) आचारसंहिता उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्न केन्द्रीय आचारसंहिता अनुगमन समिति समक्ष सिफारिस गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) आचारसंहिता पालना सम्बन्धमा सरोकारवालासँग अन्तरक्रिया गर्ने,

(छ) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि तथा कुनै व्यक्तिले आचारसंहिता विपरीत सवारी साधन प्रयोग गरेको पाइएमा तत्काल कब्जामा लिई नजिकको प्रहरी कार्यालयमा जिम्मा दिने,

(ज) राजनीतिक दल, उम्मेदवार, निर्वाचन प्रतिनिधि वा कुनै व्यक्तिले आचारसंहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले जस्ता प्रचारात्मक सामग्री प्रयोग गरेको पाइएमा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरूस्त बनाई राख्न आदेश दिने,

(झ) आवश्यकता अनुसार उम्मेदवारको निर्वाचन सम्बन्धी खर्च र खाताको विवरण सङ्कलन गर्ने,

(ञ) केन्द्रीय आचारसंहिता अनुगमन समितिमा नियमित रूपमा अनुगमन प्रतिवेदन पठाउने,

(ट) आयोग र केन्द्रीय आचारसंहिता अनुगमन समितिको सम्पर्क र समन्वयमा रही निर्देशन दिएका अन्य काम गर्ने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

**३२. निर्वाचन आचारसंहिता अनुगमन अधिकृत :** प्रत्येक जिल्लामा निर्वाचन कार्यालयको प्रमुखले निर्वाचन आचारसंहिता अनुगमन अधिकृतको रुपमा काम गर्नेछ ।

**३३. अनुगमन अधिकृतको काम, कर्तव्य र अधिकार :** (१) अनुगमन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :-

(क) सम्बन्धित जिल्ला भित्र आचारसंहिता कार्यान्वयनका विषयमा नियमित रुपमा अनुगमन गरी आचारसंहिता पालना नभएको भए देहाय बमोजिम गर्नेः-

(१) सम्बन्धित राजनीतिक दल, उम्मेदवार, निकाय, अधिकारी, संस्था वा व्यक्तिलाई आचारसंहिता पालना गर्न आवश्यक निर्देशन दिने,

(२) आचारसंहिता उल्लङ्घन सम्बन्धी कार्य तत्काल रोक्ने वा रोक्न लगाउने,

(३) आचारसंहिताको उल्लङ्घन गर्नेलाई आवश्यक कारबाहीको लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष लेखी पठाउने,

(४) राजनीतिक दल, उम्मेदवार, सम्बन्धित व्यक्ति, निकाय, संस्था, अधिकारी वा अन्य कुनै व्यक्तिले आचारसंहिता विपरीत कार्य गरे गराएको पाएमा सोको जानकारी



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तत्काल निर्वाचन अधिकृत र जिल्ला आचारसंहिता अनुगमन समितिलाई गराउने ।

(ख) राजनीतिक दल, उम्मेदवार, सम्बन्धित व्यक्ति तथा अन्य कुनै व्यक्तिले यो आचारसंहिता विपरीत सवारी साधन प्रयोग गरेको पाएमा सोको जानकारी तत्काल निर्वाचन अधिकृत र जिल्ला आचारसंहिता अनुगमन समितिमा गराउने,

(ग) यस आचारसंहिता विपरीत प्रयोग गरिएको सवारी साधन तत्काल कब्जामा लिने,

(घ) राजनीतिक दल, उम्मेदवार, सम्बन्धित व्यक्ति वा अन्य कुनै व्यक्तिले प्रचलित कानून र यो आचारसंहिता विपरीत पोष्टर, भित्ते लेखन, तुल, ब्यानर, डिजिटल डिस्प्ले प्रयोग गरेको पाईएमा तत्काल हटाउने वा हटाउन लगाउने र त्यस्तो स्थानलाई दुरुस्त बनाई राख्न आदेश दिने,

(ङ) राजनीतिक दल, उम्मेदवार, सम्बन्धित व्यक्ति वा कुनै व्यक्तिले यो आचारसंहिता विपरीत मोटरसाइकल र्‍याली जस्ता प्रचारात्मक कार्य गरेको पाईएमा तत्काल नियन्त्रणमा लिई प्रहरी जिम्मामा दिने।

(२) उपदफा (१) को खण्ड (ग), (घ) वा (ङ) बमोजिमको कार्य गर्दा अनुगमन अधिकृतले सुरक्षा निकायको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सहयोग माग गर्न सक्नेछ र यसरी माग गरे बमोजिमको सहयोग उपलब्ध गराउनु सम्बन्धित सुरक्षा निकायको कर्तव्य हुनेछ ।

३४. **<u>सुक्ष्म अनुगमन सम्बन्धी व्यवस्था</u>** : (१) निर्वाचन आचारसंहिताको सुक्ष्म अनुगमन गर्न आयोगले एक वा एक भन्दा बढी सदस्य रहेको अनुगमनकर्ता वा अनुगमन इकाइ गठन गरी परिचालन गर्न सक्नेछ।

(२) सूक्ष्म अनुगमनमा खटाइने जनशक्तिलाई उपलब्ध गराइने सुविधा र निजको काम, कर्तव्य र अधिकार सम्बन्धी व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) अनुगमनकर्तालाई अनुसूची -१ बमोजिमको परिचयपत्र उपलब्ध गराईनेछ ।

३५. **<u>दृश्य छायाङ्कन</u>** : (१) केन्द्रीय आचारसंहिता अनुगमन समिति वा जिल्ला आचारसंहिता अनुगमन समितिले आचारसंहिता उल्लङ्घनका घटनासँग सम्बन्धित दृष्यको छायाङ्कन गर्न आवश्यकता अनुसार भिडियो क्यामेरा सहितको छायाँकार परिचालन गरी वा अन्य विद्युतीय उपकरण प्रयोग गरी दृष्य छायाङ्कन गर्न सक्नेछ ।

(२) आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरीको छानबिन गर्दा उपदफा (१) बमोजिमको छायाङ्कन गरिएको दृश्यलाई प्रमाणको रूपमा लिन सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# परिच्छेद-९

## विविध

३६. **राजीनामा गर्नुपर्ने** : कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा सुविधा वा पारिश्रमिक पाउने गरी बहाल रहेको निर्वाचित वा मनोनित पदाधिकारीले स्थानीय तहको निर्वाचनमा उम्मेदवारको मनोनयन दर्ता गर्नु अगावै बहाल रहेको पदबाट राजीनामा गर्नु पर्नेछ ।

३७. **पदमुक्त भएको मानिने:** सङ्घीय संसदको सदस्य, प्रदेश सभा सदस्य, गाउँ सभाको सदस्य वा नगरसभाको सदस्य पदमा बहाल रहेको व्यक्ति सङ्घीय संसदको सदस्य वा प्रदेश सभा सदस्य पदको लागि हुने निर्वाचनमा उम्मेदवार भएमा मनोनयनपत्र दर्ता भएपछि त्यस्तो पदबाट स्वतः पदमुक्त भएको मानिनेछ ।

स्पष्टीकरण: यस दफाको प्रयोजनको लागि "मनोनयनपत्र दर्ता" भन्नाले समानुपातिक निर्वाचन प्रणाली तर्फको उम्मेदवारको बन्दसूची दर्ता भएकोलाई समेत जनाउँछ ।

३८. **स्वास्थ्य मापदण्ड अवलम्बन गर्नुपर्ने** : राजनीतिक दल, उम्मेदवार वा सम्बन्धित व्यक्तिले निर्वाचन प्रचारप्रसार लगायतका कार्यक्रम सञ्चालन गर्दा कोभिड-१९ लगायत सङ्क्रामक रोगको सङ्क्रमणको जोखिमलाई न्यूनीकरण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयबाट स्वीकृत स्वास्थ्य मापदण्ड अवलम्बन गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३९. **पेश्की फस्यौंट गर्नुपर्ने** : उम्मेदवारले आफू निर्वाचित, मनोनित वा नियुक्त भएको निकायबाट लिएको कुनै पनि प्रकारको पेश्की फस्यौंट गरेको हुनु पर्नेछ।

४०. **बेरुजु फस्यौंट गर्नुपर्ने** : उम्मेदवारले लेखापरीक्षणबाट आफ्नो नाममा किटानीसाथ असूल उपर गर्ने भनी कायम भएको बेरुजु फस्यौंट गरेको हुनु पर्नेछ ।

४१. **प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नुपर्ने** : (१) निर्वाचन तथा मतगणनाको काममा संलग्न हुने कर्मचारीले अनुसूची-२ बमोजिमको प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

(२) उम्मेदवार, उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले अनुसूची-३ बमोजिमको प्रतिबद्धतापत्रमा हस्ताक्षर गर्नु पर्नेछ।

४२. **विवरण लिन सक्नेः** (१) आयोगले यस आचारसंहिताको पालना तथा राजनीतिक दल वा उम्मेदवारले गर्न पाउने निर्वाचन खर्चको सम्बन्धमा नेपाल प्रहरी, अन्य सुरक्षा निकाय, कुनै कार्यालय वा व्यक्ति मार्फत आवश्यक विवरण लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम माग गरिएको विवरण उपलब्ध गराउनु सम्बन्धित निकाय वा व्यक्तिको कर्तव्य हुनेछ ।

४३. **अनुमति नदिनेः** यस आचारसंहितामा अनुमति दिने व्यवस्था भएका विषयमा बाहेक यस आचारसंहिता बमोजिम गर्नुपर्ने कार्य नगर्न वा गर्न नमिल्ने कार्य गर्न आयोगले अनुमति दिने छैन।

४४. **अनुमति लिनु नपर्नेः** यस आचारसंहितामा उल्लेख नभएको अन्य कार्य गर्नको लागि यो आचारसंहिता बमोजिम आयोगको अनुमति लिनु पर्ने छैन ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४५. **आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी दिन सक्ने** : (१) कसैले यो आचारसंहिता उल्लङ्घन गरेको पाइएमा उजुरी दिन चाहने व्यक्तिले मौखिक, लिखित, सामाजिक सञ्जाल, विद्युतीय माध्यम वा अन्य कुनै तरिकाले आयोग, निर्वाचन अधिकृतको कार्यालय, निर्वाचन कार्यालय वा यस आचारसंहिताको परिच्छेद-८ बमोजिमका समिति, टोली वा अनुगमन अधिकृत समक्ष अनुसूची-४ बमोजिमको उजुरी दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम उजुरी दिँदा आधार, कारण र सो सम्बन्धी कुनै प्रमाण भए सो समेत संलग्न गरी दिनु पर्नेछ ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले आचारसंहिता उल्लङ्घन गरेमा मौखिक रुपमा वा विद्युतीय माध्यमबाट समेत उजुरी दिन सकिनेछ ।यसरी उजुरी दिइएकोमा सम्बन्धित निकाय वा अधिकारीले सोको अभिलेख राखी आवश्यक कारबाही प्रक्रिया अघि बढाउनु पर्नेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम उजुरी दिने उजुरीकर्ताले आफ्नो नाम नामेशी सहितको विवरण प्रकाश गर्न नचाहेमा सार्वजनिक गरिने छैन ।

४६. **आचारसंहिता उल्लङ्घनमा हुने कारबाही :** (१) कसैले यो आचारसंहिता उल्लङ्घन गरेमा आयोगले निर्वाचन आयोग ऐन, २०७३ दफा २३ बमोजिम एक लाख रुपैयाँसम्म जरिबाना गर्न वा उम्मेदवारी रद्द गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रचलित कानून बमोजिम निर्वाचन कसूर मानिने कार्यको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

हकमा निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम कारबाही गर्न बाधा पर्ने छैन ।

**४७. आचारसंहिता अनुगमन प्रतिवेदन पेश गर्ने :** (१) अनुगमनकर्ताले अनुसूची-५ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी अनुगमनको काम सम्पन्न भएको सात दिनभित्र सम्बन्धित समितिमा पेश गर्नु पर्नेछ ।

(२) अनुगमन अधिकृतले अनुसूची-५ बमोजिमको ढाँचामा अनुगमन प्रतिवेदन तयार गरी निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले सात दिन भित्र जिल्ला आचारसंहिता अनुगमन समिति समक्ष पेश गर्नु पर्नेछ ।

(३) जिल्ला आचारसंहिता अनुगमन समितिले निर्वाचनको अन्तिम परिणाम प्रकाशन भएको मितिले दश दिनभित्र प्रत्येक निर्वाचन क्षेत्र वा स्थानीय तह छुट्टिने गरी जिल्लाको एकीकृत प्रतिवेदन तयार गरी आयोग वा केन्द्रीय आचारसंहिता अनुगमन समिति समक्ष पठाउनु पर्नेछ ।

**४८. प्रतिवेदनमा खुलाउनु पर्ने कुराहरु :** दफा ४७ बमोजिमको अनुगमन प्रतिवेदन तयार गर्दा सामान्यतया देहाय बमोजिमका कुराहरु समावेश भएको हुनु पर्नेछ :-

(क) आचारसंहिताको कार्यान्वयन गर्ने गराउने सम्बन्धमा भए गरेका काम कारबाही,

(ख) आचारसंहिता उल्लङ्घन गर्नेलाई भएको कारबाहीको विवरण,

(ग) सार्वजनिक गर्नुपर्ने आचारसंहिता उल्लङ्घनकर्ताको नाम र सोको विवरण,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अनुगमनको क्रममा दिएका निर्देशनको विवरण,

(ङ) आयोगले तोकेका अन्य विवरणहरु ।

४९. **कारबाही गर्न सकिने:** कसैले यो आचारसंहिता लागू भएको अवधिमा आचारसंहिता विपरीतको काम कारबाही गरेको प्रमाणित भएमा आचारसंहिताको अवधि समाप्त भए पछि पनि कारबाही गर्न सकिनेछ ।

५०. **विद्युतीय माध्यम वा सूचना प्रविधिको प्रयोग गर्न सकिने :** अनुगमन समितिका सदस्य वा अनुगमन टोली वा अनुगमन अधिकृत वा अनुगमनकर्ताले निर्वाचनको अनुगमन गर्ने सम्बन्धमा अपनाइने प्रक्रिया वा अनुगमनको प्रतिवेदन पेश गर्नका लागि विद्युतीय माध्यम वा सूचना प्रविधिको प्रयोग गर्न सक्नेछ।

५१. **उल्लङ्घनकर्ताको नाम सार्वजनिक गर्ने** : यस आचारसंहिता बमोजिम अनुगमन गर्दा वा गराउँदा कसैले आचारसंहिता उल्लङ्घन गरेको पाइएमा आयोगले उल्लङ्घनकर्ताको नाम नामेशी सहितको विवरण सार्वजनिक गर्नेछ ।

५२. **अभिलेख राख्नु पर्ने** : यो आचारसंहिता उल्लङ्घन गरी परेका उजुरी सम्बन्धी कारबाही वा निर्णयको अभिलेख सम्बन्धित पदाधिकारी, संस्था, निकाय वा अधिकारीले सुरक्षित रूपमा राख्नु पर्नेछ ।

५३. **खारेजी** : (१) निर्वाचन आचारसंहिता, २०७८ खारेज गरिएको छ ।

(२) निर्वाचन आचारसंहिता, २०७८ बमोजिम भए गरेका काम कारबाही यसै आचारसंहिता बमोजिम भए गरेको मानिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-१

(दफा ३४ को उपदफा (३) सँग सम्बन्धित)

**अनुगमनकर्ता परिचयपत्र**

निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION NEPAL

..........निर्वाचन, ......... (वर्ष)

अनुगमनकर्ता परिचय - प्त्र

प.प.नं. : ..................

नाम/थर:..................................................

पद:..................................................

समितिको नाम..................................................

कार्य क्षेत्र..................................................

परिचय पत्र बहाल रहने अवधि..............................

परिचय पत्र पाउनेको सही..............................

पासपोर्ट साईजको फोटो।

निर्वाचन आयोगको आधिकारिक व्यक्तिको

सही: ..................................

नाम:..................................

पद: ..................................

स्थान: ..................................

मिति :२०७७/---/--



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -२

(दफा ४१ को उपदफा (१) सँग सम्बन्धित)

**निर्वाचन तथा मतगणनामा खटिने कर्मचारीले गर्नुपर्ने प्रतिबद्धतापत्र**

१. संविधान, ऐन, नियम, आचारसंहिता, निर्देशिका, कार्यविधि र निर्देशनको पूर्ण रूपमा पालना गर्नेछु।

२. व्यक्तिगत, संस्थागत एवं पदीय रूपमा स्वतन्त्र र निष्पक्ष रही कुनै राजनीतिक दल वा उम्मेदवारप्रति झुकाव नराखी मतदान तथा मतगणना सम्बन्धी कार्य सम्पादन गर्नेछु ।

३. मतदान तथा मतगणना सम्बन्धी कार्यलाई मर्यादित र व्यवस्थित बनाउनेछु ।

४. निर्वाचनको कार्य सम्पादन गर्ने सिलसिलामा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आउने प्रभाव, दबाब, भनसुन, धम्की, आग्रह, पूर्वाग्रह समेतबाट प्रेरित वा प्रभावित नभई निष्ठापूर्वक निर्वाचन सम्पन्न गर्न वा गराउन प्रतिबद्ध भएर लाग्नेछु ।

५. मतदान अधिकृत, मतगणना अधिकारी र कर्मचारीको पदको गरिमा र मर्यादालाई कायम राख्दै समयमा मतदान तथा मतगणनाको कार्य गर्नेछु ।

६. कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान तथा मतगणनाको कार्य गर्ने वा नगर्ने कुरा भन्ने वा सङ्केत गर्ने छैन ।

७. निर्वाचनमा प्रयोग गरिएका मतपत्र, मतपेटिका वा अन्य निर्वाचन सामग्रीको दुरूपयोग गर्ने वा गर्न दिने छैन ।

८. मतदान तथा मतगणना सम्बन्धी विवाद निरूपण गर्दा पक्षहरूबाट पर्न सक्ने प्रभावबाट स्वतन्त्र रही गर्नेछु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. राजनीतिक दल वा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिको स्वार्थ वा प्रभावमा परी कुनै कार्य गर्ने छैन ।

१० निर्वाचनको कार्य सम्पादन गर्दा उच्चस्तरको नैतिक आचरण प्रदर्शन गर्नेछु ।

११. मतदान तथा मतगणना सम्बन्धी कार्य सम्पादनको सिलसिलामा राजनीतिक दल, उम्मेदवार, कर्मचारी, अनुगमनकर्ता, पर्यवेक्षक, नागरिक समाज लगायत सबैप्रति आदरभाव र समान व्यवहार गर्नेछु ।

| <u>प्रतिबद्धता गर्नेको</u>:- | <u>प्रतिबद्धता गराउनेको</u>:- |
|---|---|
| दस्तखत: | दस्तखत: |
| नाम थर: | नाम थर: |
| पद: | पद: |
| कार्यालय: | कार्यालय: |
| ठेगाना: | |
| सम्पर्क नम्बर: | |

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३

(दफा ४१ को उपदफा (२) सँग सम्बन्धित)

**उम्मेदवार, उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले गर्नुपर्ने प्रतिबद्धतापत्र**

१. संविधान, ऐन, नियम, निर्देशिका, कार्यविधि, आचारसंहिता र निर्देशनको अधीनमा रही राजनीतिक दल, उम्मेदवार, उम्मेदवारको प्रतिनिधि, मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले गर्नुपर्ने काम सम्पन्न गर्ने, गराउने छु ।

२. उम्मेदवार/उम्मेदवार वा राजनीतिक दलको निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि/मतगणना प्रतिनिधिको रूपमा कानूनले तोके बमोजिमको निर्वाचन सम्बन्धी कार्य गर्ने, गराउनेछु ।

३. निर्वाचन सम्बन्धी विभिन्न मुचुल्कामा उम्मेदवार/राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रतिनिधि/मतदान प्रतिनिधि/मतगणना प्रतिनिधिको रूपमा सहीछाप गर्नेछु ।

४. निर्वाचन, मतदान र मतगणनाको कार्यलाई स्वच्छ, निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न कटिबद्ध रहनेछु ।

५. निर्वाचन, मतदान र मतगणना कार्यमा प्रयोग हुने निर्वाचन सामग्री, मतदान सामग्री, मतपत्र, मतपेटिका लगायतका सम्पूर्ण सामग्रीको संरक्षण गर्न सहयोग गर्नेछु ।

६. मतपत्र लगायतका निर्वाचन सामग्री अनधिकृत रूपमा छुने, च्यात्ने वा अन्य किसिमले बिगार्ने वा क्षति पुऱ्याउने कार्य गर्ने छैन ।

७. आयोग वा निर्वाचन अधिकृतबाट जारी भएका परिचयपत्र/अनुमतिपत्र लगाई मतदान केन्द्र वा मतगणना स्थलमा प्रवेश गर्नेछु ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मतदान अधिकृतले गरेको निर्णय तथा निर्वाचन अधिकृतले मत सदर वा बदर गर्ने गरी गरेका निर्णयमा कानून बमोजिम उजुर गर्न बाहेक अन्य विवाद गर्ने छैन ।

९. मतदानस्थल, मतदान केन्द्र वा मतगणनास्थलमा निर्वाचन आयोगले निषेध गरेको सामग्री साथमा लिई जाने छैन ।

१०. मतदान स्थल तथा मतगणना गर्ने स्थलमा शान्तिपूर्ण वातावरण कायम गर्न पूर्ण रूपमा भूमिका निर्वाह गर्नेछु।

११. मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत, मतदान अधिकृत वा अन्य कर्मचारीलाई कुनै किसिमको अनुचित प्रभाव, प्रलोभन, दबाब, भनसुन वा कुनै आग्रहबाट प्रभावित गर्ने छैन ।

<u>प्रतिबद्धता गर्नेको</u>:-

दस्तखतः

नाम थरः

पदः

ठेगानाः

सम्पर्क नम्बरः

<u>प्रतिबद्धता गराउनेको</u>:-

दस्तखतः

नाम थरः

पदः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -४
(दफा ४५ को उपदफा (१) सँग सम्बन्धित)

## आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरीको ढाँचा

श्री निर्वाचन आयोग/निर्वाचन अधिकृत/अनुगमन अधिकृत/....................
आचारसंहिता अनुगमन समिति,
..........................।

### विषयः आचारसंहिता उल्लङ्घन सम्बन्धी उजुरी ।

मिति ...................... मा हुने ..... तह/पदको निर्वाचनको सन्दर्भमा देहायको राजनीतिक दल/उम्मेदवार /व्यक्ति/संस्थाबाट निर्वाचन आचारसंहिताको उल्लङ्घन भएकोले सो कार्य रोकी उल्लङ्घनकर्तालाई कानून बमोजिम कारबाहीका लागि यो उजुरी दिएको छु ।

१. आचारसंहिता उल्लङ्घनकर्ताको पूरा नामः-
२. ठेगाना/संलग्न संस्था/निकायः-
३. आचारसंहिता उल्लङ्घनको संक्षिप्त व्यहोरा : ..........................
४. संलग्न प्रमाणः ..........................................................

उजुरीकर्ताको,-
सहीछापः
नाम, थरः
मतदाता नं.:
सम्पर्क ठेगानाः
सम्पर्क फोन नं./मोबाईल नं.:
मितिः



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्यः (१) उजुरीकर्ताले निजको परिचय गोप्य राख्न अनुरोध गरेमा निजको परिचय गोप्य राखिनेछ ।

(२) आचारसंहिता उल्लङ्घनको सम्बन्धमा मौखिक रुपमा वा विद्युतीय माध्यमबाट समेत उजुरी दिन सकिनेछ। यसरी उजुरी दिइएकोमा सम्बन्धित निकाय वा अधिकारीले सोको अभिलेख राखी आवश्यक कारबाही प्रक्रिया अघि बढाउनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची -५

(दफा ४७ को उपदफा (१) र (२) सँग सम्बन्धित)

**अनुगमनकर्ता वा अनुगमन अधिकृतले स्थलगत अनुगमन पश्चात पेश गर्ने प्रतिवेदनको ढाँचा**

निर्वाचन आयोग, नेपाल

साप्ताहिक/अन्तिम प्रतिवेदन

.............................................................निर्वाचन अनुगमन प्रतिवेदन

**१. अनुगमनकर्ता/अनुगमन अधिकृतको विवरण**

| | | | |
|---|---|---|---|
| नामः | पदः | लिङ्गः | जातजातिः |
| उमेरः | अपाङ्गता भएको व्यक्तिः हो/होइन यदि हो भने प्रकार खुलाउनुहोसः | कार्यालयः | टेलिफोन/मोबाइल नम्बरः |

**२. पृष्ठभूमि (अनुगमन सम्बन्धी)**

**३. अनुगमनको अवधि र विधि**

**४. अनुगमनको क्रममा आचारसंहिताको कार्यान्वयन गर्ने गराउने सम्बन्धमा भए गरेका काम कारवाही**

(क) आचारसंहिता विपरीत देखिएका क्रियाकलाप/गतिविधि

(ख) आचारसंहिता उल्लङ्घन गर्नेलाई भएको कारबाहीको विवरण

(ग) सार्वजनिक गर्नुपर्ने आचारसंहिता उल्लङ्घनकर्ताको नाम र सोको विवरण



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(घ) अनुगमनको क्रममा दिइएका निर्देशनको विवरण

(ङ) अन्य विवरणहरु

## ५. अनुगमनको क्रममा निर्वाचन कार्यालय, निर्वाचन अधिकृतको कार्यालय वा सुरक्षा अधिकारी वा अन्य कुनै सरोकारवाला पक्षलाई लिखित वा मौखिक रुपमा कुनै निर्देशन दिएको वा सिफारिस गरेको वा जरिबाना गरिएको भए सोको विवरण

| सि.न. | निर्देशन/सिफारिस/जरिबाना गरेको | | | निर्देशन/सिफारिस कार्यान्वयनको अवस्था | आयोगमा जानकारी गराएको भए पदाधिकारी/कर्मचारीको नाम, पद |
|---|---|---|---|---|---|
| | विषय/क्रियाकलाप | मिति | निकाय/दल वा उम्मेदवार | | |
| | | | | | |
| | | | | | |

## ६. अनुगमनका क्रममा देखिएका प्रमुख पक्षहरु

(क) सबल पक्ष

(ख) कमजोरी/समस्या

(ग) चुनौती

(घ) अवसर

(ङ) सुधार गर्नुपर्ने पक्ष

(च) सुधारका उपाय तथा सुझाव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. आयोगलाई सिफारिस गर्नुपर्ने विषयहरु

८. माथि उल्लेख भए बाहेकका अन्य विषयहरु

९. निर्वाचन अनुगमन सम्बन्धी महत्वपूर्ण तस्बिरहरु (प्रतिवेदनसाथ संलग्न गर्ने)

आज्ञाले,
गोकर्णमणि दुवाडी
सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.५०-
गो.हु.द.नं. १६।२०६२।६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।